प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ अन्तर्गत देहायका क्षेत्रमा उत्पन्न हुने विवाद देहायका पुनरावेदन अदालतमा गठन गरिएका वाणिज्य इजलाशबाट कारबाही र किनारा गर्ने गरी तोकिएको छ:-

क) पूर्वाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, विराटनगर
ख) मध्यमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, पाटन
ग) पश्चिमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, बुटवल
घ) मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रहरूका लागि पुनरावेदन अदालत, नेपालगञ्ज।

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगम लिमिटेडलाई आगामी आ.व. २०६५।६६ को लागि ATF(हवाई इन्धन) अन्तर्राष्ट्रिय विमानस्थलमा प्रयोग गर्नको लागि ४५००० (पैंतालिस हजार) किलोमिटर आयात गर्दा भन्सार महशुल, मूल्य अभिवृद्धि कर, स्थानीय विकास शुल्क लगायत सबै राजश्वहरू छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial Cancer Hospital, Bharatpur, Chitwan को लागि Novartis Pharma AG, Switzerland बाट सहयोग स्वरुप प्रदान गरिने CHF ८,२८,८००.०० (आठ लाख अट्ठाइस हजार आठ सय) मूल्य बराबरको Glivec औषधिहरू आयात गर्दा भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालले Singapore बाट खरिद गर्ने अमेरिकी डलर ३,२००.०० (तीन हजार दुई सय) मूल्य बराबरको ABP Monitor एक थान र Japan बाट खरिद गर्ने जापानी येन १०,४५,०००.०० (दश लाख पैंतालीस हजार) मूल्य बराबरको Ultra Sound Machine एक थान आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी संयुक्त राज्य अमेरिकाको Shelter Box Trust बाट Rotary Club of Kasthamandap मार्फत सप्तकोशी बाढीबाट पिडित व्यक्तिहरुको लागि वितरण गर्न उपहार स्वरुप प्रदान गरिने स्टर्लिङ्ग पाउण्ड ८०,५१३.६८ (असी हजार पाँच सय तेह्र, सेन्ट अड्सठ्ठी) मूल्य बराबरको दुई सय चौविस वटा बाकसमा बीस प्रकारका उद्वार सामाग्रीहरू आयात गर्दा भन्सार महशुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल जुडो संघका लागि अन्तर्राष्ट्रिय जुडो महासंघबाट सहयोग स्वरुप प्रदान गरिने यूरो १२,०२४.००(बाह्र हजार चौविस) मूल्य बराबरको ९९०४१४ के. जी. जुडो म्याट आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सामुदायिक वातावरणीय विकास नेपाल नामको गैरसरकारी संस्थाको लागि गोरखा जिल्लाका पाँच वटा सरकारी विद्या-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लयहरूमा वितरण गर्ने गरी Formual Air Group, Belgium बाट उपहार स्वरुप प्रदान गरिने यूरो २,४९९.०० (दुई हजार चार सय उनानसय) मूल्य बराबरको पच्चीस थान कम्प्यूटर आयात गर्दा भन्सार बिन्दुमा लाग्ने सबै राजश्व छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial Cancer Hospital, Bharatpur, Chitwan को लागि MDS Nordion S.A., Belgium बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १,२००.०० (एक हजार दुई सय) मूल्य बराबरको स्वास्थ्य सामग्री र VARIAN Medical System, Singapore बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ७२७.२३ (सात सय सत्ताइस, सेन्ट तेइस) मूल्य बराबरको स्वास्थ्य सामग्री तथा उक्त अस्पतालले फ्रान्सबाट खरिद गर्ने युरो ४,५४६,५५ (चार हजार पाँच यस उनान्चास, सेन्ट पचपन्न) मूल्य बराबरको स्वास्थ्य सामग्री-हरू र जापानबाट खरिद गर्ने जापानी येन ४,४०,३६०.०० (चार लाख चालीस हजार तीन सय साठी) मूल्य बराबरको मेडिकल सामग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centreको लागि Stiftung Vision Tebet (Foundation), Switzerland बाट उपहार स्वरुप प्रदान गरिने स्वीस फ्रेङ्क ५५,५२०.५० (पचपन्न हजार पाँच सय बीस, सेण्ट पचास) मूल्य बराबरको मेडिकल सामाग्री र The Fred Hollows Foundation Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ८,४००.०० (आठ हजार चार सय) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centre को लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अष्ट्रेलियन डलर ३२,३०७.०० (बत्तीस हजार तीन सय सात) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने मेडिकल उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।